सुनापति गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को पहिलो चौमासिकसम्ममा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

सार्वजनिक सुनुवाइ

# संक्षिप्त प्रतिवेदन




## आयोजक

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

**प्रतिवेदक**

श्री रामचन्द्र वि.क., अध्यक्ष/प्रहार मिडिया प्रा.लि मन्थली, रामेछाप

मंसिर २०८१

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । गाउँपालिकालाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । सुनापति गाउँपालिकाले आर्थि वर्ष २०८१/०८२ को पहिलो चौमासिकसम्ममा प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । सुनापति गाउँपालिका वडा नं ४ बेथानमा २०८१ मंसिर ७ गते शुक्रवारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

***(सार्वजनिक सुनुवाईको तस्विरहरु अनुसुची-१ मा छन्)***

## २. कार्यक्रमको उद्देश्य

- सुनापति गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको नामः** रामचन्द्र वि.क. (अध्यक्ष- प्रहार मिडिया प्रा.लि.)

**सार्वजनिक सुनुवाइको सहजीकरण गर्ने संस्थाको नाम :** प्रहार मिडिया प्रा.लि.

**ठेगाना :** मन्थली नगरपालिका-१, रामेछाप

**सार्वजनिक सुनुवाईको विषय :** सुनापति गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को पहिलो चौमासिकको अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक :** सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

## कार्यक्रम विवरण

- ➢ मिति : ७ मंसिर २०८१ (शुक्रवार)
- ➢ स्थान : सुनापति गाउँपालिका ४ नं वडा कार्यालयको प्राङ्गण बेथान, रामेछाप
- ➢ समय : दिनको ११:०० बजे देखि २:०० बजेसम्म (३ घण्टा)

## ४. जवाफदेही वक्ताहरु

- ○ ठुलोकान्छा तामाङ, अध्यक्ष- सुनापति गाउँपालिका
- ○ सुनापति गाउँपालिका उपध्यक्षः- गीता विष्ट
- ○ सुनापति गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृतः सुरेश कुमार श्रेष्ठ
- ○ सुनापति गाउँपालिकाका- १, का वडाध्यक्ष :- ध्रुव प्रसाद चौलागाई
- ○ सुनापति गाउँपालिकाका- ३, का वडाध्यक्ष :- कुल बहादुर थिङ
- ○ सुनापति गाउँपालिकाका- ४, का वडाध्यक्ष :- डन्डुप तामाङ
- ○ सुनापति गाउँपालिकाका- ५, का वडाध्यक्ष :- चित्र बहादुर मानन्धर

***शाखा प्रमुखहरु***

- ○ शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख :- कमल बहादुर बम
- ○ पूर्वाधार विकास शाखा :- प्रविण श्रेष्ठ
- ○ स्वास्थ्य शाखा प्रमुख :- माधव प्रधान
- ○ भण्डार शाखा प्रमुख :- देव शंकर यादव
- ○ सूचना प्रविधि अधिकृत :- सन्तोष चौलागाई
- ○ कृषि विकास शाखा प्रमुख :- समिक्षा गौतम
- ○ आन्तरिक लेखा परिक्षक :- कृष्ण बहादुर कटुवाल
- ○ पशु सेवा शाखा प्रमुख :- राजुमा घिसिङ
- ○ भूमी व्यवस्था शाखा प्रमुख :- रचना भुजेल
- ○ राजश्व शाखा प्रमुख :- मीरा मगर
- ○ सामाजिक सुरक्षा तथा पञ्किरण शाख र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखः- लक्ष्मी थापामगर
- ○ लेखा शाखा प्रमुख :- विनोद चौलागाईं
- ○ प्रशासन शाखा प्रमुख :- रन्जिता तामाङ
- ○ अध्यक्ष ज्यूको सचिवालय :- श्रीराम ढुंगाना
- ○ उद्याम विकास शाखा प्रमुख :- रमेश कठायत
- ○ वडा सचिव :- घनश्याम थपलिया

**५.अतिथिहरु**

***कार्यपालिका सदस्यहरु***

- सुनमाया तामाङ
- हरी माया श्रेष्ठ
- मिन कुमार खाती

***पत्रकारहरु***

- नेपाल पत्रकार महासंघ रामेछाप शाखा अध्यक्ष- बद्रीनयाँघरे
- नेपाल पत्रकार महासंघ पुर्वाध्यक्ष- हिमाल ढुंगेल
- हजुरको रेडियो रामेछापका प्रतिनिधि- रिता मगर
- रेडियो तिफदी मन्थलीका प्रतिनिधि- राज श्रेष्ठ
- रेडियो झंकार मन्थलीका प्रतिनिधि- युवराज श्रेष्ठ
- रेडियो इनर्जी मन्थलीका प्रतिनिधि- नवराज श्रेष्ठ
- गन्तव्य टुडे दैनिकका संचालक :- कल्याण बुढाथोकी
- प्रहार खबर साप्ताहिक वरिष्ट संवाददाता :- कैलाश खत्री
- उमातिर्थ डटकम प्रतिनिधि :- टंकनाथ गौतम
- हाम्रो प्रहार डटकमका सम्पादक :- कुमार श्रेष्ठ
- पत्रकार भवनी खड्का
- पत्रकार ग्याम्जो लामा

**६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण**

| **दलित** | | **जनजाति** | | **ब्राम्हण/क्षेत्री** | | **कूल** | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ४ | ४ | २४ | ३३ | १८ | ३० | ४६ | ६७ | ११३ |

*(सहभागीहरुको विस्तृत विवरण अनुसूची-२ मा राखिएको छ ।)*

**७. संचालन प्रक्रिया**

*प्रारम्भिक चरण*

**(क) समन्वयात्मक बैठक**

सुनापति गाउँपालिकाद्वारा आ.व २०८०/०८१ को (एक वर्ष) अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ उपाध्यक्ष श्री गीता विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ, लेखा शाखाको प्रमुख विनोद चौलागाईंसँग प्रहार मिडियाका प्रा.लि. का अध्यक्ष एवं सहजकर्ता श्री रामचन्द्र वि.क.ले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाइको लागि वार्षिक कार्यक्रम अनुसार गर्ने तर कोटेशन अनुसार काम गर्ने निधो भयो र प्रहार मिडिया प्रा.लि.ले पनि कोटेशन प्रक्रियामा भाग लिंदा प्रहार मिडिया छनौट भइ कार्यक्रम गर्नको लागि सम्झौता भयो र उक्त सम्झौता अनुसार सुनापति गाउँपालिकाले मिति, स्थान र समयमा तोकेर प्रहार मिडियालाई सार्वजनिक

सुनुवाइ गर्ने जिम्मेवारी दिए पछि स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, अनुसार सार्वजनिक सुनुवाइको तयारी गरिएको थियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय

सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । सुनापति गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी प्रहार मिडिया प्रा.लि मन्थलीका अध्यक्ष श्री रामचन्द्र वि.क.लाई दिइएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु, शाखा प्रमुखहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन




स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने कम्पनीका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार




सुनापति गाउँपालिकाद्वारा आ.व २०८१/०८२ को पहिलो चौमासिकको अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रामेछाप जिल्लाका ४ वटा रेडियो एफ्.एम्.हरु, दुई ओटा दैनिक पत्रिका र ५ ओटा साप्ताहिक पत्रिका मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन तथा प्रशारण गरिएको थियो । त्यस्तै कार्यक्रमको सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लिद्वारा संचालित हाम्रो प्रहार डटकमबाट पनि एक हप्ता अगाडी नै सूचना प्रकाशन गरिएको थियो । गाउँपालिका कार्यालय परिसर र वडा कार्यालयहरुमा कार्यक्रम हुने स्थल सहितको सार्वजनिक सुनुवाईको सूचना फेलेक्समा प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा

कार्यालयहरु, गाउँपालिकामा रहेका संघसंस्था, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछाप तथा पत्रकारहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो । सार्वजनिक सुनुवाईलाई रामेछापको ४ वटा रेडियोहरु (हजुरको रेडियो, रेडियो तिफदी, रेडियो झंकार र रेडियो इनर्जी) बाट प्रत्यक्ष प्रशारण गरिएको थियो ।

*कार्यान्वियन चरण*

### (क) कार्यक्रमको सुरुवात, अथिति आशान ग्रहण र कार्यक्रमको उद्देश्यको बारेमा जानकारी

सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवीको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । प्रहार मिडिया प्रा.लि. मन्थलीका प्रतिनिधि रामचन्द्र वि.क.ले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि कार्यक्रमका सहजकर्ताले सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको बारेमा प्रकाश पार्दै सहभागी सबैलाई कार्यक्रममा सक्रियताका साथ सहभागी बन्न अनुरोध गरिएको थियो ।

### (ख) आ.व. २०८१/०८२ को पहिलो चौमासिकको प्रगति विवरण

सार्वजनिक सुनुवाईमा सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठले आ.व २०८१/०८२ को पहिलो चौमासिकको अवधिसम्म गाउँपालिकाबाट भएको आय, ब्यय तथा समग्र प्रगतीको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । *(विस्तृत विवरण अनुसुची-३ मा उल्लेख छ ।)*

### (ग) नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि) र बहिर्गमन अभिमत संचालन तथा सार्वजनिक

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुको प्रत्यक्ष सहभागितामा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । सोही अनुसार गाउँपालिकाका ५ ओटै वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा पुगी त्यहाँ आएका ४५ जना सेवाग्राहीसँग कुराकानी गरेर उनिहरुको अभिमतलाई नागरिक प्रतिवेदनमा समावेश गरी सार्वजनिक सुनुवाईको दिन उक्त फाराममा भएका तथ्यांकहरुलाई संयोजन गरी नतिजा सार्वजनिक गरिएको थियो ।

**निष्कर्ष:** कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालयबाट उपलब्ध हुने सेवाको बारेमा बुझ्दा र वडाको विभिन्न ठाउँमा पुगेर सेवाग्राही सँग लिएका अभिमतमा पालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह र विकास निर्माणका कार्य हुँदा जनप्रतिनिधि र कर्मचारीले गरेका राम्रा काम र सुधार गर्नु पर्ने पक्षका विभिन्न बुँदाहरु नागरिकले दिएका र त्यस्ता सुझावहरुलाई सार्वजनिक सुनुवाईमा सम्बन्धित निकायको ध्यानकार्षण गराइएको थियो । *(विस्तृत नतिजा अनुसुची-४ मा उल्लेख छ ।)*

### (घ) हाकहाकी बहस, प्रक्रियात्माक भनाई र जिम्मेवार बक्तहरुबाट धारणा

कार्यक्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि नेपाल पत्रकार

महासंघ रामेछापका अध्यक्ष बद्री नयाँघरे र नेपाल पत्रकार महासंघ रामेछापका पूर्वाध्यक्ष हिमाल ढुंगेलले सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा सँगै, प्रश्न र सुझावहरु राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बन्धमा गाउँपालिका उपाध्यक्ष गिता विष्ट, वडा नं १ का वडाध्यक्ष ध्रुव प्रसाद चौलागाई, वडा नं ३ का वडाध्यक्ष कुल बहादुर थिङ, वडा नं ४ का वडाध्यक्ष डन्डुप लामा र वडा नं ५ का वडाध्यक्ष चित्र बहादुर मानन्धरले जवाफ दिएका थिए भने गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङले सहभागीहरुले सार्वजनिक सुनुवाई तथा नागरिक अभिमतमा स्थानीयहरुले राखेका मुख्य मुख्य जिज्ञासालाई सम्बोधन गर्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

**८) कार्यक्रममा भएका सवाल जवाफहरु**

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १ | रमित मानन्धर सुनापति-४ खनियापानी | १ सार्वजनिक सुनुवाइमा नागरिकहरुको किन कमी भयो ? | ठुलोकान्छा तामाङ अध्यक्ष-सुनपति गाउँपालिका | हामीले जिल्लाका प्राय सबै मिडिया, वडा कार्यालय मार्फत सूचना टाँस र प्रकाशन, गाउँपालिकाको फेसबुक पेज र वेइबसाड लगायतको ठाउँमा सूचना प्रकाशन गरेका थियौं । नागरिकको कमी हुनुमा चाहि हामी जनप्रतिनिधि प्राय दैनिक जसो नै नागरिकको घर-घरमा पुगेर उहाँहरुको गुनासो सुन्ने र समस्या सोध्ने गरेका छौं, त्यतिबेला उहाँहरुले राखेका गुनासालाई सहज रुपमा समाधान गरेको कारणले पनि नागरिकको सहभागी कम भएको हुन सक्छ । तर, अर्को पटक सार्वजनिक सुनुवाइ गर्दा धेरै भन्दा धेरै नागरिक सामु सूचना पुग्ने गरी हामी प्रचार प्रसार गर्छौं । |
| | रमित मानन्धर सुनापति-४ खनियापानी | २ सडक सरसफाइ चाँडो गरिदिए हुन्थ्यो । | ठुलोकान्छा तामाङ अध्यक्ष-सुनपति गाउँपालिका | हामीसँग भएको श्रोत र साधान सबै प्रयोग गरेर सरसफाइको कामलाई अगाडि बढाएका छौं । जसको कारण अहिले पालिकका सबै वडामा सहज रुपमा सवारीका साधनहरु सहज रुपमा आउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | जान सक्छन् । यद्धपी सडकलाई थप राम्रो बनाउनको लागि आगामी कार्यक्रममा समेटेर अगाडि बढ्ने प्रतिवद्धता जनाउँदा छौं । |
| | रमित मानन्धर सुनापति-४ खनियापानी | ३ गुणस्तरीय शिक्षक कहिले हुन्छ ? | ठुलोकान्छा तामाङ अध्यक्ष-सुनपति गाउँपालिका | शिक्षामा गरेको लगानीको चाँडै परिणाम नदेखिने रहेछ । हामीले स्थानीय सरकार आएदेखि नै शिक्षालाई प्राथमिकतामा राखेका छौं । त्यसैको परिणाम स्वरुप गएको शैक्षिक सत्रमा जिल्लाका ८ स्थानीय तह मध्ये सुनापति गाउँपालिका गुणस्तरीय शिक्षामा दोस्रो नम्बरमा परेको छ । हामीले खोजे जस्तो गुणस्तरीय शिक्षा दिनको लागि सरकार गरेका विभिन्न प्रयासहरुमा पालिकाका राजनीतिक दल, आम नागरिकहरुले पनि साथ दिए भने चाँडै त्यसको परिणाम देखिन्छ । तसर्थ गुणस्तरी शिक्षाको विकासको लागि गाउँपालिकाले विभिन्न उपयाहरु अपनाएको छ र त्यो कार्यमा आम पालिकावासीले पनि साथ दिनु पर्‍यो । |
| | रमित मानन्धर सुनापति-४ खनियापानी | ४ किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको मूल्य निर्धारण भए हुन्थ्यो । | ठुलोकान्छा तामाङ अध्यक्ष-सुनपति गाउँपालिका | प्रश्नमा भने जस्तै किसानले उत्पादन गरेका वस्तुको मुल्य निर्धारण गर्नको लागि हामीले विभिन्न चरणमा कृषिका विज्ञहरुसँग बसेर छलफल गरिरहेका छौ, त्यो हामीलाई पनि लागेको कुरा हो । तर, हामीले एक किसिमको मुल्य तोक्दा अन्य बजारमा धेरै मुल्य पाइने भयो भने त किसानलाई घाटा लाग्छ नी ?, त्यस कारण किसानले उत्पादन गरेका बस्तुलाई बजारीकरणमा विभिन्न चरणबाट हामीले सहोग गरेका छौं र बाँकी अब |

| | | | | |
|---|---|---|---|---|
| | | | | तपाइले भने जस्तै कृषि जन्य वस्तुको मुल्य तोक्नको लागि उत्पादन बढाउने र धेरै उत्पादन भएपछि उत्पादनलाई हेरेर मुल्य निर्धारण गर्ने हो कि भनेर हामी तयारीमा छौँ । यहाँले दिएको सुझावलाई हामी मनन गरेर अगाडि बढ्छौँ । |
| | रमित मानन्धर सुनापति-४ खनियापानी | ५ महिलाहरुको समस्या कहिले समाधान हुन्छ ? | गीता विष्ट उपाध्यक्ष, सुनापति गाउँपालिका | हामीले स्थानीय सरकार सुरु भएदेखि नै विभिन्न कारणले पछाडि परेका महिलाहरु र बेरोजगार महिलाहरुलाई सहभागी गराएर आयआर्जनमा समेत सहयोग पुग्ने सीपहरु दिएका छौँ । जुन सीपका केही महिलाहरुले अहिले आर्यआर्जनमा समेत सहयोग पुग्ने गरी कामहरु गरिरहनु भएको छ । उहाँहरुलाई सीप विकास सँगै जनचेतना मूलक कार्यक्रमहरुमा पनि हामीले सहभागी गराएका छौँ । त्यस्तै पछिल्ला वर्षहरुमा गाउँका छोरीहरुलाई शिक्षामा बाढी जोड दिँदै विद्यालय पठाएर आफ्ना छोरीहरुलाई शिक्षित बनाउन उहाँहरुको अभिभावकहरुलाई भनेका छौ, जसको परिणाम अहिले गाउँका विद्यालयहरुमा महिला विद्यार्थीको संख्यामा बृद्धि भएको छ । यो सँगै आगामी दिनमा महिलालाई लक्षित गरेर उहाँहरुलाई सहयोग पुग्ने विभिन्न कार्यक्रमहरु तयार गरेर अगाडि बड्ने प्रतिवद्धता जनाउँदछौँ । |
| २ | मान बहादुर वि.क. | यस अघि गाउँपालिका दलित समुदायको लागि स्वास्थ्य बिमा निशुल्क गरेको थियो । यो पटक ५० प्रतिशत मात्रै गर्ने भनेको छ, त्यो पनि काम हुन सकेको छैन किन ? | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | हामीले यो कार्यक्रममा दलित समुदायको बढी भन्दा बढी सहभागी होस भनेर गाउँपालिकाले नै स्वस्थ्य बिमा गराइदिएका हौँ । त्यसले धेरै नागरिकहरुलाई सहज हुनुको |

| | | | | |
|---|---|---|---|---|
| | | | | साथै स्वास्थ्य बिमामा धेरै नागरिकको सहभागिता रह्यो । यो पटक चाहि हाम्रो बजेटको कमी लगायतका कारणले गर्दा ५० प्रतिशत मात्रै गाउँपालिकाले तिर्ने अरु चाहि सेवाग्राहीले नै तिर्ने गरी कार्यक्रम बनाएका हौँ । यसरी बनाएका कार्यक्रम अब चाँडै सुरु गरेर सबै नागरिकलाई स्वास्थ्य बिमामा आवद्ध गराउँदै लैजान्छौँ । |
| ३ | विर बहादुर लामा सुनापति-२, ( गाउँपालिकाको फेसबुक पेजमा प्रश्न) | अघिल्लो पटक भएको सार्वजनिक सुनुवाइमा नागरिकको तर्फबाट विभिनशन प्रश्नहरु सोधेको थिएँ, त्यो मध्येको कार्यालयमा कर्मचारीले गरेका लापरबाही पनि एउटा प्रश्न थियो, त्यो प्रश्नको सुनुवाइ भयो कि भएन ? | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | यस अघि सुनापतिमा म नभएकाले सोधिएका प्रश्नहरु सबै मलाई याद भएन । यदि तपाइले भने जस्तै गाउँपालिका भित्रका कर्मचारीले लापरबाही गरेको भए त्यसलाई सुधार गर्ने र त्यो गर्दा पनि नमाने कानुन अनुसार हुने जानकारी गराउँछु । |
| ४ | हिमाल ढुंगेल पत्रकार, पुर्वाध्यक्ष- नेपाल पत्रकार महासंघ | पत्रकारहरुले गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माणमा पारदर्शीता सँगै विकास निर्माणको गुणस्तरीयता विशेष ख्याल गर्न जोड दिँदै आम नागरिकको आवश्यकतालाई पहिचान गरी विकास निर्माण गर्न जनप्रतिनिधि र कर्मचारीलाई सुझाव दिएका थिए । | ठुलोकान्छा तामाङ,अध्यक्ष | पत्रकाहरुको तर्फबाट उठाइएका विषय वस्तुलाई जनप्रतिनिधिहरुले प्रमुख प्राथमिकताका साथ लिएर काम गर्ने प्रतिवद्धता जनाएका छन् । त्यस्तै आम नागरिकले सोचेको जस्तो गाउँपालिकाको विकास गर्न जनप्रतिनिधि र कर्मचारीले मात्रै गर्न नसक्ने हुँदा त्यस्ता कामको लागि स्थानीय राजनीतिक दलहरु र आम संचारकर्मीले पनि साथ दिनु पर्नेमा जोड रहेको छ । आगामी दिनमा गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण सँगै पारदर्शीताको विषयलाई थप प्रभावकारी बनाउनेमा सबै जनप्रतिनिधिको प्रतिवद्धता रहेको छ । |
| ५ | बद्री नयाँघरे, अध्यक्ष- नेपाल पत्रकार महासंघ | | गिता विष्ट उपाध्यक्ष | |
| | | | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | |
| | | | ध्रुव प्र. चौलागाई वडाध्यक्ष-१ | |
| | | | कुल ब. थिङ वडाध्यक्ष-३ | |
| | | | डन्डुप लामा वडाध्यक्ष-४ | |

| | | | | |
|---|---|---|---|---|
| | | | चित्र ब. मानन्धर वडाध्यक्ष-५ | |
| | *नागरिक अभिमतमा भाग लिने ४५ जना सेवाग्राही* | *सार्वजनिक सुनुवाईमा गाउँपालिका उपाध्यक्ष, वडा नं १, २, ४ र ५ का वडाध्यक्षलाई कार्यक्रममा सहभागी भएका स्थानीयले प्रश्न राखेका थिएनन् । तर ५ ओटै वडाबाट नागरिक प्रतिवेदनमा सहभागी भएका ४५ जना सेवाग्राहीले दिएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जनाउँदै राम्रा र सुधार गर्न पर्ने पक्ष सहितका सुझाव दिने सेवाग्राहीलाई धन्यवाद दिएका थिए ।* | | |

वडा नं १ देखि वडा नं ५ सम्म र गाउँपालिकाको कार्यालयमा भेटिएका स्थानीयहरुले राखेका राम्र पक्ष, गुनासा र सुझावहरु

| **राम्रा पक्ष** | **सुझाव तथा गुनासा** |
|---|---|
| १ सामाजिक संजालमा सूचना प्रकाशन राम्रा ।<br>२ सबै सेवाग्राहीलाई राम्रो ।<br>३ कार्यालयमा आउँदा सबैसँग भेट हुनु<br>४ वडाबाट विनियोजित बजेट राम्रो छ ।<br>५ योजना राम्रोसँग कार्यान्वयन भएको छ ।<br>६ पारादर्शिता छ, आवश्यकता अनुसार योजना राम्रो छ, जनताको कुरा सुन्ने वाणी राम्रो छ ।<br>७ नागरिकको काम छिटो हुन्छ र आवश्यक पर्‍यो भने राति पनि सेवा दिइएको छ ।<br>८ गाउँमा विनियोजन हुने योजनाहरु समानुपातिक तरिकाबाट भएको छ ।<br>९ जनप्रतिनिधिहरुले पारादर्शिताको बारेमा समन्वय गरेको छ ।<br>१० जनप्रतिनिधि २४ सै घण्टा काम गरेका छन् ।<br>११ उपभोक्त समिति गठ पारादर्शि रुपमा भएका छन् ।<br>१२ वडा मै पुगेर योजनाको बारेमा जनचेतना जगाउँदै सम्झौता गर्ने काम राम्रो छ ।<br>१३ समयमै काम हुने गरेको छ ।<br>१४ वडा तथा पालिका कार्यालयहरु राम्रा बनेका छन् ।<br>१५ पालिकाबाट वा वडाबाट भएको कामको भुक्तानी अहिले बैंक मार्फत हुने गरेको छ यो राम्रो पक्ष हो ।<br>१६ सडक बत्तीले गर्दा राती हिड्न सजिलो र रातको समयमा विभिन्न घटनाहरुमा कमी आएको ।<br>१७ गँलैचा बुन्ने र थाङ्का लेख्ने तालिम सुरु | १ गएको असोजमा बाढी पहिरोले पुर्‍याएको क्षतिले गर्दा अहिले घरमा बस्न पनि समस्या छ । त्यसको समाधान हुनु पर्‍यो । त्यस्तै पहिरोले बिगारेका सडक, खानेपानी लगायतका क्षेत्रमा समेत चाँडो काम हुनु पर्‍यो ।<br>२ नयाँ सडक विस्तार रोकेर पुराना सडकलाई राम्रो बनाउनु पर्ने ।<br>३ कृषि सम्बन्धी कार्यक्रम गर्दा सबै नागरिकलाई समेट्नु पर्‍यो (वडा नं ५) ।<br>४ विकास निर्माणलाई तिब्र गतिमा हुने गरी समन्वय गर्नु पर्ने ।<br>५ सडकमा समस्या छ सुधार गरेर गुणस्तरीय बनाउनु पर्ने ।<br>६ लिफ्ट खानेपानी व्यवस्थापनमा ध्यान दिनु पर्‍यो (वडा २)<br>७ सडक पिच गरेर धुलो र हिलोमुक्त बनाउनु पर्‍यो ।<br>८ राजस्व बुझाउने काम अनलाइनबै हुने ब्यवस्था गर्नु पर्‍यो ।<br>९ छरिएर गएका योजनाहरुलाई एकीकृत गरेर काम गर्नु पर्‍यो साना साना योजनाले परिणाम देखिदैंन् ।<br>१० गाउँ गाउँमा रहेका खाद्यन्न पसल र अन्य दैनिक उपभोग्य बस्तु विक्री गर्ने पसलहरुमा म्याद गुज्रेका बस्तु भेटिन्छन । अनुगमन गरेर नष्ट गर्ने व्यवस्था मिलाउनु पर्‍यो ।<br>११ किसानलाई सहयोग पुग्ने कार्यक्रमहरु राख्नु पर्‍यो ।<br>१२ गाउँपालिकाले दिएको सिपलाई उद्यमीमा जोड्न गाउँपालिकाले वा वडाले काम गर्ने व्यवस्था मिलाइ दिनु पर्‍यो, गाउँका उद्यामीले वा किसानले उत्पादन गरेका बस्तुहरुके बजारीकणको व्यवस्था मिलाइ दिनु पर्‍यो ।<br>१३ टिचर बैंकको स्थपाना गर्नु पर्‍यो । |

| | |
|---|---|
| भएको छ । यसले दिर्घकालिन रोजगारीको बाटो खोलेको छ ।<br>१८ शिक्षा कार्यालयबाट हुने धेरै जसो कामहरु अनलाइनबाट हुन थालेका छन् ।<br>१९ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि विद्यालयलाई पनि पालिकाले खेल खर्चको लागि पैसा छुट्याएको छ, यो धेरै राम्रो ।<br>२० लिफ्ट खानेपानी बन्न लागेको छ त्यो राम्रो (वडा न ४) | १४ वडा तहमा आउने स्वास्थ्य शिविरहरुलाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु पऱ्यो (वडा नं ५) ।<br>१५ वडा कार्यालयबाट प्रवाह विकास निर्माण र सेवा प्रवाहका बारेमा जारी भएका सूचना सबै नागरिकले बेलैमा थाहा पाउने गरी जारी गर्नु पऱ्यो ।<br>१६. २०७२ सालको भूकम्पले भत्किएको घर अहिले सम्म परेन त्यसको सुनुवाइ भए हुन्थ्यो (४ नं वडा) ।<br>१७ निशुल्क एम्बुलेन्स सेवा गर्नु पऱ्यो । गाउँपालिकामै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने गरी अस्पतालको व्यवस्था गर्नु पऱ्यो ।<br>१८ सुनापतिको १ नं वडा पालिकाको केन्द्रबाट कर्णाली जस्तै हो । यो वडालाई विकासमा प्राथमिकता दिनु पऱ्यो ।<br>१९ कृषि क्षेत्रमा बढी लगानी गर्नु पऱ्यो । |

## ९. सार्वजनिक प्रतिवद्धता

चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकसम्ममा भएका विकास निर्माण र सेवा प्रवाहको प्रभावकारिता र जवाफदेहिताको विषयमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका विभिन्न विषयलाई आगामी दिनमा सम्बोधन गर्दै तपशिलमा उल्लेख भएका विषयहरुलाई समेत समाधान गर्ने गरी विभिन्न बुँदामा उल्लेख गरेर जिम्मेवार व्यक्तिहरु प्रतिवद्धता जाहेर गर्दछौँ ।

- नियमित बजार अनुगमन गरी जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन गर्ने ।
- स्थानीय सरकारलाई आम नागरिकमैत्री र प्रविधिमैत्री बनाउने ।
- आमागी आर्थिक वर्ष देखि सानो बजेटको टुक्रे योजनामा बजेट विनियोजन नगर्ने ।
- दिगो विकासलाई एकीकरण र प्राथमिकीकरण गर्ने
- कृषि उपजलाई बजारसँग आवद्ध गराउने र स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य शिविर संचान गरी सबै नागरिकलाई सो शिविरमा सहभागी गराउने ।
- पालिकाको आन्तरिक आयश्रोतलाई विस्तार गर्ने ।

## १०.कार्यक्रमको सवल पक्षहरु

- जिल्लामै पहिलो पटक पहिलो चौमासिक समाप्त हुन साथ पहिलो चौमासिकको सार्वजनिक सुनुवाई भएको ।
- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवालाका प्रतिनिधिहरुको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- सुनापतिग गाउँपालिकाको पहिलो चौमासिकको अवधिमा भएका भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।

- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना सहित फेलेक्स बनाई गाउँपालिका ओसपास क्षेत्र र गाउँपालिकाको सबै वडाको वडा कार्यालयमा टाँस गरिएको ।
- नागरिकहरुको सहभागीता बृद्धिको लागि जिल्लाका ४ ओटा रेडियो, दुई ओटा दैनिक पत्रिका, ५ ओटा साप्ताहिक पत्रिका र विभिन्न माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण गरिएको ।
- सबै वडा कार्यालयमा सेवा लिन आउने ४५ जना सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि फारम भरेर संयोजन गरी सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको ।
- सार्वजनिक सुनुवाईको जिल्लाका ४ ओटा रेडियोहरु मार्फत सूचना प्रशारण गर्नुका साथै सार्वजनिक सुनुवाई अवधिभर पनि ४ ओटै रेडियोबाट प्रत्यक्ष प्रशारण गरिएको ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

- पालिका स्तरको सर्वाजनिक सुनुवाईमा अपेक्षा गरिए जति नागरिकहरु सहभागी नभएको देखिएको हुँदा आगामी दिनमा सबै वडामा वडा स्तरीय सार्वजनिक सुनुवाई गरिनु पर्ने । जसले गर्दा धेरै मानिसको सहभागिता हुनेछ ।
- समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।
- गाउँपालिकाका जनप्रतिनिधि अर्थात गाउँ सभाका सबै सदस्यहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पालिका स्तरका सबै राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता न्यून भएकाले आगामी दिनमा सबै राजनीतिक दलका प्रतिनिधिहरुलाई सहभागिताको लागि अनुरोध गर्नु पर्ने ।

## १३. समस्याहरु

- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।
- छरिएर रहेका वडाबाट पालिकाको केन्द्र सम्ममा मानिसहरु सहभागी हुन नसेको ।
- जवाफदेहि वक्ता तथा अतिथिहरु धेरै रहेकाले कार्यक्रम लामो समयसम्म संचालन हुँदा टाढाका सहभागीहरुलाई आउन जान समस्या भएको ।

## १४.निष्कर्ष

सुनापति गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सुनापति गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले बाढी पहिरोले निजी आवास र सडकमा क्षति पुऱ्याएको, खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, योजना

सम्पन्न गराउन वडा तथा पालिकाका प्राविधिकहरुले सहज रुपमा सहजीकरण गर्नु पर्ने, निःशुल्क एम्बुलेन्सको सेवासँगै गुणस्तरी स्वास्थ्य सेवा दिनु पर्ने लगायतका विभिन्न विषमा प्रश्न सँगै आगामी दिनमा विभिन्न विषयहरुलाई सुधार गर्न सुझाव दिएका थिए । संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता नरहे पनि प्रतिनिधिमूलक सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक भएको हुँदा यो कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सक्रिय सहभागीताले पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । विभिन्न कार्यक्रमका साथ गाउँपालिकामा रहेको सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका प्रतिनिधिलाई समेत वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाइलाई निरन्तर गर्ने हो भने सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

समाप्त

पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ सम्पन्न गर्न लागेको खर्चको विवरण :

| क.सं. | विवरण | एक पटकको लागि | | | पहिलो चौमासिक |
|---|---|---|---|---|---|
| | | दिन | संख्या | दर | जम्मा खर्च |
| १ | बहिर्गमन अभिमत संकलन तथा नतिजा तयारी | ५ | ३ जना | १५०० | २२५०० |
| २ | बहिर्गमन अभिमत संकलन फर्म प्रिन्ट | | ५० सेट (प्रत्येक सेटमा ६ पेज) | १० | ३००० |
| ३ | ब्यानर, पम्प्लेट तथा पर्चा प्रकाशन | | ७ ओटा ब्यानार (सबै वडा कार्यालय र पालिकामा) | | ७००० |
| ४ | पत्रिका, अनलाइन तथा रेडियोबाट सूचना प्रकाशन तथा प्रशारण | ७ दिन | ४ रेडियो, ७ ओटा पत्रिका र १ अनलाइन | | १५००० |
| ५ | कार्यक्रको प्रत्यक्ष प्रशारण | | ४ ओटा रेडियो | | १०००० |
| ६ | कार्यक्रम सहजिकरण | १ | ३ | ५००० | १५००० |
| ७ | सहभागीहरुलाइ खाजा | १ दिन | १५० | १०० | १५००० |
| ८ | पाहुनाहरुलाई खाना र भत्ता (पत्रकार) | १ | १३ जना | १५०० | २२५०० |
| ९ | सञ्चार | | | ० | १९०० |
| १० | यातायात | | | ० | ११००० |
| ११ | प्रतिवेदन लेखन | | | ० | ४००० |
| १२ | विविध खर्च | | | | ३१०० |
| १४ | **जम्मा प्रस्तावित रकम** | | | | **१३००००** |

# अनुसुची-१

## तस्विरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनुवाईका जवाफदेहिबक्ता तथा अतिथिहरु





सार्वजनिक सुनुवाईका जवाफदेहिबक्ता ( विभिन्न शाखाका प्रमुखहरु) तथा स्थानीयहरु



प्रहार मिडियाको तर्फबाट सार्वजनिक सुनुवाई कार्यक्रमको सुरुवात तथा सहजीकरण गर्दै रामचन्द्र वि.क





सार्वजनिक सुनुवाइमा नागरिकले उठाएका विभिन्न प्रश्नहरुको जफाव दिँदै अध्यक्ष ठुलोकान्छा तामाङ र उपाध्यक्ष गीता विष्ट



सार्वजनिक सुनुवाईमा नागरिकहरुले राखेका जिज्ञासको उत्तर दिने सहभागीले दिएका सुझवलाई प्रतिवद्धता जनाउँदै क्रमशः वडाध्यक्षहरु ध्रुव प्रा. चौलागाईं, कुल बहादुर थिङ, डन्डुप लामा र चित्रबहादुर मानन्धर



सार्वजनिक सुनुवाईमा पालिकाबाट प्रवाह भएका सेवा तथा विकास निर्माणको प्रगति प्रस्तुत गर्दै प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठ



सार्वजनिक सुनुवाईमा प्रतिक्रियात्म भनाइ राख्दै नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष बद्री नयाँघरे र पुर्वाध्यक्ष हिमाल ढुंगेल



सार्वजनिक सुनुवाईमा गाउँपालिकाको कामप्रति प्रश्न गर्दै कार्यक्रमका सहभागी




सार्वजनिक सुनुवाइको लागि वडा/वडामा पुगेर प्रचार प्रसार गर्दै तथा बर्हिगमन अभिमत संकलन गर्दै



## अनुसुची-२

## कार्यक्रममा सहभागीहरुको उपस्थिति

कार्यक्रमको नामः- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकसम्ममा (साउन, भदौ, असोज र कार्तिक) मा प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई ।

कार्यक्रमको उद्देश्यः- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकसम्ममा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा गाउँपालिका तथा वडाका जिम्मेवार अधिकारी र नागरिकहरू बीचमा हाकहाकी प्रश्नोत्तर गराउने ।

**कार्यक्रमको विवण**

**मिति** :- २०८१ साल मंसिर ७ गते शुक्रवार

**स्थान** :- सुनापति गाउँपालिका ४ नं वडा कार्यालयको प्राङ्गण

**समय** :- विहान ११ बजेबाट

**आयोजक** :- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हिलेदेवी रामेछाप

**सहजिकरण** :- प्रहार मिडिया प्रा.लि. मन्थली, रामेछाप

**उपस्थिति विवरण**

| क्र.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 1 | ठुलोकान्छा तामाङ | सुनापति गा.पा. | अध्यक्ष | अध्यक्षता/प्रमुख प्रमुख वक्ता | |
| 2 | गीता विष्ट | सुनापति गा.पा. | उपाध्यक्ष | वक्ता | |
| 3 | सुरेश कुमार श्रेष्ठ | सुनापति गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | वक्ता | |
| 4 | पदम बहादुर थापा | सुनापति- २ वडा कार्यालय | वडाध्यक्ष/गाउँपालिका प्रवक्ता | वक्ता | |
| 5 | ध्रुव प्रसाद चौलागाई | सुनापति- १ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| 6 | कुल बहादु थिङ | सुनापति- ३ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| 7 | डन्डुप लामा | सुनापति-४ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| 8 | चित्र बहादुर मानन्धर | सुनापति- ५ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| 9 | वद्री न्यौघरे | नेपाल पत्रकार महासंघ | अध्यक्ष | - | |
| 10 | राम कुमार श्रेष्ठ | रेडियो [illegible] | पत्रकार | - | |

| क.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 11 | युवराज ओली | कैलाश एफ.एम. | स्टेशन म्यानेजर | पत्रकार | |
| 12 | सीता न्यौपाने | इन्द्रकोट रेडियो | कार्यक्रम संयोजक | पत्रकार | |
| 13 | नवराज ओली | गोरखापत्र | समाचारदाता | पत्रकार | |
| 14 | भवानी खड्का | रेडियो रुकुम | समाचार प्रस्तोता | पत्रकार | |
| 15 | नरबहादुर खड्का | वडा नं. ४ | प्रतिनिधि | स्थानीय | |
| 16 | कल्याण बुढाथोकी | जनअभियान दैनिक | प्रदेश प्रतिनिधि | पत्रकार | |
| 17 | मन्जु घर्तीमगर | सुनापति गा.पा. वडा-४ | रिउनी स्वयम सेवक | | |
| 18 | सीता माया मोक्तान | सुनापति गा.पा. | वित्तीय साक्षरता सहजकर्ता | | |
| 19 | रञ्जिता तामाङ | सुनापति गा.पा. | प्रशासन शाखा प्रमुख | वक्ता | |
| 20 | समिक्षा तामाङ | सुनापति गा.पा. | कृषि प्राविधिक | ,, | |
| 21 | हीरा मगर | सुनापति गा.पा. | राजश्व शाखा प्रमुख | ,, | |
| 22 | आशिष दुलाल | सुनापति गा.पा. | कार्यालय सहायक | | |
| 23 | दिपक बुढाथोकी | ,, | अ.स.ब. इन्जिनियर | | |
| 24 | लक्ष्मीलाल लामा | सुनापति ३ | रिउनी स्वयम सेवक | | |
| 25 | रितेश नाथ | सुनापति गा.पा. | सब-ई. | | |
| 26 | रचना भुजेल | सुनापति गा.पा. | नापी सर्वेक्षक | | |
| 27 | अमृता साह | सुनापति-२ | सब इन्जिनियर | | |
| 28 | लक्ष्मी थापा मगर | ,, | पञ्जीकरण शाखा | | |
| 29 | हिरा ब. तामाङ | ,, | | | |

| क्र.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 30 | छत्रप्रसाद पाखिवा | वडा सचिव ४ नं. वडा | वडा सचिव | | [signature] |
| 31 | कमल ब. वन | सुनापति गा.पा. (शिक्षा शाखा) | शाखा अधिकृत | | [signature] |
| 32 | कैलाश खत्री, | नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछाप | उपाध्यक्ष | ,, | [signature] |
| 33 | सुनमाया तामाङ | वडा सदस्य ४ नं. वडा | कार्यपालिका सदस्य | | सुनमाया |
| 34 | श्रीराम डुंगाना | सुनापति गाउँ कार्यपालिका | अध्यक्षज्यूको सचिवालय | ,, | [signature] |
| 35 | रेशम कोइराला | सुनापति-४ | | ,, | [signature] |
| 36 | मित्र कुमार खत्री | सुनापति गा.पा. ~~का. सदस्य~~ | कार्यपालिका सदस्य | ,, | [signature] |
| 37 | माधव प्रधान | सुनापति गाउँपालिका कार्यालय | स्वास्थ्य शाखा प्रमुख | | [signature] |
| 38 | हिमाल डुंगेल ~~लक्ष्मण दनुवार~~ | नेपाल टेलिभिजन ~~क्षेत्रीय [illegible]~~ | समाचारदाता ~~[illegible]~~ | ,, | [signature] |
| 39 | लक्ष्मण दनुवार | [illegible] | [illegible] | ,, | [signature] |
| 40 | टेकब. खत्री | सुनापती गा.पा. ४ | | | [signature] |
| 41 | कृष्ण प्र. कडुवाल | सुनापति गा.पा. -३ | आ.लै.प. | | [signature] |
| 42 | विनोद चौलागाईं | सुनापति गा.पा. | लेखाप्रमुख | | [signature] |
| 43 | प्रविन श्रेष्ठ | सुनापति गा.पा. | इन्जिनियर | | [signature] |
| 44 | बाल कृष्ण मानन्धर | सुनापति ५ | | | [signature] |
| 45 | विराज मानन्धर | सुनापति | | | [signature] |
| 46 | रोहित मानन्धर | [illegible] सुनापती ? | | | [signature] |
| 47 | मैया वि.क. | ४ | वडा सदस्य | | मैया |
| 48 | कमला जैसी | ३ | वडा सदस्य | | कमला |

| क.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ४९ | निशान लामा | वडा सदस्य सुनापति ४ | सदस्य | | [signature] |
| ५० | सुनिल चालिसे | सुनापति ४ | नागरिक | | [signature] |
| ५१ | रमेश कुवायल | सुनापति-४ | उद्यम विकास सहजकर्ता | | [signature] |
| ५२ | सुवास खत्री | सुनापति४ | | | [signature] |
| ५३ | डेक बहादुर | पाण्डे | | | कुक |
| ५४ | मन माया तामाङ | सुनापती - ४ | | | मन |
| ५५ | हरि माया श्रेष्ठ | सुनापती गा-४ | कार्यपालीका सदस्य | | हरीमाया |
| ५६ | विन्दा वि-के | सुनापती - ४ | | | विन्दा |
| ५७ | चुडामणी पहाडी | जनादन नेपाल | पाटेयोजना अधिकृत | | [signature] |
| ५८ | कृष्ण श्रेष्ठ | CDS मन्थली | परियोजना संयोजक | | [signature] |
| ५९ | सिता खड्का | सुनापती - ४ | | | सीता |
| ६० | दिल ब. कोइराला | सुनापती - ४ | | | दिल |
| ६१ | लिला कु. कार्की | " ४ | | | [signature] |
| ६२ | प्याउली कोइराला | सुनापती - ४ | | | प्याउली |
| ६३ | मैया पाण्डे | सुनापती - ४ | | | मैया |
| ६४ | शान्ता चालीसे | " | | | [signature] |
| ६५ | विमला खड्का | सुनापती - ४ | | | विमला |
| ६६ | सीता चालीसे | " | | | सीता |
| ६७ | अप्सरा पाण्डे | सुनापती - ४ | | | अप्सरा |

| क.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 68 | कल्पना पाठक | सुनापती -४ | | | कल्पना |
| 69 | सावित्रा भुजेल | " | | | [signature] |
| 70 | सरस्वती खड्का | " | | | [signature] |
| 71 | सुशील राय | " | | | |
| 72 | उर्मिला तामाङ | " | | | उर्मिला |
| 73 | सोमली योन्जन | " | | | [signature] |
| 74 | लालमाया तामाङ | " | | | [signature] |
| 75 | लाल माया तामाङ | " | | | [signature] |
| 76 | माइली तामाङ | " | | | माइली |
| 77 | राजेश्वर बोहोरा | सुनापति ४ | ४नं. वडा सदस्य | | [signature] |
| 78 | कल्पना तोलङ | " | | | कल्पना |
| 78 | तुलसी श्रेष्ठ | " | | | तुलसी |
| 79 | सुशिला खड्का | " | | | [signature] |
| 80 | तारा खड्का | " | | | तारा |
| 81 | चेली लामा | " | | | चेली |
| 82 | कुसुम तामाङ | " | | | कुसुम |
| 83 | निरमाया तामाङ | " | | | निरमाया |
| 84 | कृष्णा पाण्डे | ४ | | | [signature] |
| 85 | उत्तम प्र. चालिसे | ४ | | | [signature] |

| क्र.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ८६ | सुक्राम | तामाङ |  |  | सुक्राम |
| ८७ | तारा बोमजन | सुनापति-३ |  |  | [illegible] |
| ८८ | प्रेमा सिं | ~~सुनापति~~ ,, |  |  | प्रेम |
| ८९ | सल्लाम सिं | तमाङ |  |  | सल्लाम |
| ९० | बुद्ध लक्ष्मी तामाङ |  |  |  | बुद्ध लक्ष्मी |
| ९१ | मिरा घीसिङ |  |  |  | मिरा घीसिङ |
| ९२ | ठाकुर प्रसाद धिताल |  |  |  | [illegible] |
| ९३ | रामहरि | खड्का |  |  | रामहरि |
| ९४ | रेकम सिंतान |  |  |  | रेकम |
| ९५ | मान ब वि क | सुनापति ४नं. वडा |  |  | [illegible] |
| ९६ | शुक्र बलतितुङ | सुनापति-१ नं वडा |  |  | [illegible] |
| ९७ | आइदा लामा | तेमाल-९ |  |  | [illegible] |
| ९८ | संगिता तामाङ | सुनापति-४ |  |  | [illegible] |
| ९९ | बिनिसा दोङ | ,, ,, |  |  | [illegible] |
| १०० | डेमा लामा | ,, |  |  | [illegible] |
| १०१ | राजनचन्द्र | ,, |  |  | [illegible] |
| १०२ | बद्री | ,, |  |  | बद्री |
| १०३ | रविन योञ्जन | सुनापति ४ |  |  | रविन योञ्जन |
| १०४ | युवराज श्रेष्ठ | ,, |  |  | युवराज |

| क्र.सं | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १०५ | कान्छी तामाङ | सुनापती -४ | | | [signature] |
| १०६ | रैलनाल तितुङ | ,, | | | [signature] |
| १०७ | लिलाब. परियार | ,, | | | [signature] |
| १०८ | कुमार श्रेष्ठ | मन्थली न.पा.-३ | सम्पादक प्राइम खबर | | [signature] |
| १०९ | ल्हदाम दोर्जे लामा | सुनापति-४ बेथान | | | [signature] |
| ११० | रामकुमारी खड्का | सुनापती४ | ओडा कार्यलय | | [signature] |
| १११ | गोकर्ण खड्का | सुनापती४ | | | [signature] |
| ११२ | टंकनाथ गौतम | उमातिर्थ डट्कम | प्रधान सम्पादक | | [signature] |
| ११३ | रामचन्द्र वि.क | प्रहार मिडिया प्रा.लि. मन्थली | अध्यक्ष | सार्वजनिक सुनुवाईको सहजकर्ता | [signature] |

अनुसुची-३

प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठले प्रस्तुत गरेको आ.व. २०८१/०८२ को पहिलो चौमासिक प्रगति विवरण

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेवी, रामेछाप

**प्रथम चौमासिक प्रगति विवरण आ.व.२०८१/०८२**

**१) प्रशासन शाखा**

**स्थायी सेवा तर्फ स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था:**

| क.सं | कार्यालय | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १. | गाउँपालिकाको कार्यालय | १८ | १० | ८ | |
| २. | स्वास्थ्य शाखा | २ | २ | ० | |
| ३. | पशु सेवा शाखा | ८ | ६ | २ | |
| ४. | कृषि विकास शाखा | ४ | २ | २ | |
| ५. | वडा कार्यालय | १४ | ४ | १० | |
| ६. | स्वास्थ्य चौकी | २५ | २७ | ० | |
| **जम्मा** | | **७१** | **५१** | **२२** | |

**चालु आर्थिक वर्ष २०८१।०८२ को श्रावण देखि कार्तिक मसान्त सम्मको प्रगति**

- करार सेवामा कर्मचारी पदपूर्ति:

| क्र.सं. | पद | पदपूर्ति संख्या जना | कैफियत |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत आठौं | १ | |
| २. | ईन्जिनियर सातौं | १ | |
| ३. | ना.प्रा.स. चौथो | १ | |
| ४. | कार्यालय सहयोगी | १ | |
| ५. | रिटर्नी स्वयम्सेवक | २ | |
| ६. | सडक हेरालु | ९ | |
| **जम्मा** | | **१५ जना** | |

- कार्यपालिका निर्णयानुसार जिम्मेवारी हेरफेर भएका कर्मचारीहरुलाई पत्राचार
- स्थायी सेवा तर्फका सबै कर्मचारीको आ.व.२०८०/०८१ कार्यसम्पादन मूल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई मूल्याङ्कन गरी अभिलेखन सम्पन्न
- करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सेवा सम्झौता तयारी तथा वितरण
- जनप्रतिनिधि, स्वास्थ्य तथा अन्य सेवाका कर्मचारी जम्मा १०६ जनाको सम्पत्ति विवरण अनलाईन प्रविष्टि गरी प्रदेश किताबखानामा सक्कल अभिलेख पठाईयो ।
- अन्तरपालिका समन्वयमा कर्मचारी क्षमता विकास तालिम सन्चालन ।
- मासिक कर्मचारी बैठक व्यवस्थापन
- कार्यपालिका बैठक व्यवस्थापन
- विभिन्न सूचना तथा पत्र तयारी

## २) आर्थिक प्रशासन तर्फको प्रगति विवरण

| विनियोजित बजेट | | खर्च | खर्च % |
|---|---|---|---|
| चालु तर्फ | ३७,५९,१५,८०० | ६,९३,२७,९१६.७७ | १८.४४ |
| पूजिंगत तर्फ | १९,३१,३६,२०० | ३७,१३,२४८.०० | १.९२ |
| कुल बजेट | ५६,९०,५२,००० | ७३,०४१,१६४.७७ | १२.८३ |

## ३) कृषि विकास शाखा

| क सं | कामको विवरण |
|---|---|
| १ | कृषि प्रबिधि हस्तानतरण कार्यक्रम अन्तर्गत सूचना प्रकाशन गरी निवेदन संकलन गरेर बोलपत्र आवह्यन गरियो |
| २ | अविरल वर्षाकोकारण क्षति भएको कृषि जन्य बस्तुको तथ्यांक संकलन गरियो। |
| ३ | कृषि उपजको उत्पादनमा आधारित कार्यक्रमको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन अगाडि बढाइयो। |

| | |
|---|---|
| ४ | समूह दर्ता<br>१. १० वटा कृषक समूह दर्ता गरियो । |

## ४) पशु सेवा शाखा

## <u>११. दैनिक प्रवाह गरिने सेवाको विवरण</u>

| क सं | कार्य विवरण | गाई/भैंसी | बाखा | बंगुर | कुखुरा | कुकुर |
|---|---|---|---|---|---|---|
| १ | औषधी वितरण तथा उपचार सेवा | २१० | १३३२ | ४१ | २७३५ | १७ |
| २ | कृत्रिम गर्भधारण सेवा | १४ | | | | |
| ३ | खोप सेवा | ४०० | | | | ५७ |

## २. वित्तीय प्रगति विवरण

| क सं | कार्यक्रम शिर्षक | विनियोजित वजेट | वित्तिय प्रगति |
|---|---|---|---|
| १ | पशु स्वास्थ्य औषधी खरिद | १४ लाख | रु ९ लाखको औषधी खरिद<br>भैसकेको र सेवा केन्द्रहरु लाई हस्तान्तरण गर्ने क्रममा रहेको । |
| २ | कृत्रिम गर्भधारण सेवा सञ्चालन तथा व्यवस्थापन | ४ लाख | कृत्रिम गर्भधारण सेवा नियमित रुपमा सञ्चालन भैरहेको । |
| ३ | इपिडेमियोलोजिकल रिपोर्टिङ | १२ हजार | मासिक रिपोर्टिङ भैरहको। |
| ४ | उत्पादनमा आधारित पशुपालन प्रवर्दन | १० लाख | यस कार्यक्रम सञ्चालन गर्न साझेदार छनौट तथा सम्झौता गरि कार्यक्रम सञ्चालन भैरहेको । |

## ५) भूमी व्यवस्थापन उपशाखा

| क्र.स | कामको विवरण | जग्गा धनिको नाम | कित्ता नं | कित्ता क्षेत्रफल |
|---|---|---|---|---|
| १ | २०८१/०६/०५ गते वडा नं ५ मा नापजाचँ तथा सिमा निर्धारण गर्न गएको। | तेज बहादुर मानन्धर | २३६ | (५०८.७४) वर्ग.मि 1R-0A-0P-0D |
| २ | २०८१/०४/३१ गते वडा नं ५ मा जग्गा नापजाचँ गर्न गएको। | पहलमान तामाङ | १०६ | (१२४.१४) 0R-4A-0P-0D |

## ६) प्रधानमन्त्री रोजगार कार्यक्रमः

१. स्थानीय निर्देशक समितिको बैठक १ पटक सम्पन्न भएको छ ।

२. रोजगार संवाद मञ्च गठन कार्य सम्पन्न भएको छ ।

३ वेरोजगारहरुको प्राथमिकिकरण सूची निर्धारण प्राप्त गरि वडा वडामा परिपत्र कार्य सम्पन्न भएको छ ।

४. कार्यक्रम अन्तरगत संचालन हुने ४ वटा योजनाहरुको सर्भे तथा अनुमानित लागत तयारी कार्य सम्पन्न ।

क. सुनापति डाँडामा महादेव मुर्ति निर्माण योजना ।

ख. लहरेमाने क्षेत्रको पुरानो स्तुपा स्तरोन्नती योजना।

ग. सुनापति मर्याङ डाँडामा बुद्ध मुर्ति निर्माण योजना।

घ. लामाटोल पोखरी निर्माण योजना ।

## ७) सहकारी शाखा तर्फ भएको प्रगति विवरणः

१. सहकारी नियमन समिति गठन सम्पन्न ।

२. यस वर्षको पहिलो चौमासिक सम्म २ वटा सहकारीहरुले साधारण सभा सम्पन्न

३. सहकारी नियमनको लागि अनुगमन सहितको कार्ययोजना तयारी भएको ।

## ८) विपद् व्यवस्थापन तर्फ भएको प्रगति विवरणः

विपद्बाट प्रभावित घर परिवारको संख्या

| वडा न | ध्वस्त आवासको संख्या | मर्मत योग्य आवासको संख्या | जम्मा क्षति भएको आवासको संख्या |
|---|---|---|---|
| १ | १७ | २६ | ४३ |
| २ | ३ | १३ | १६ |
| ३ | ० | ३१ | ३१ |
| ४ | ९ | ७२ | ८१ |

| | | | |
|---|---|---|---|
| ५ | २४ | ८ | ३२ |
| जम्मा | ५३ | १५० | २०३ |

१ विपद् व्यवस्थापन समितिमाको बैठक ३ पटक सम्पन्न भएको छ ।

२. जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्ला विपद व्यवस्थापन समितिबाट २५ थान त्रिपाल, भू-संरक्षण कार्यालयबाट १८ थान २/१ साईजको जाली, नेपाल रेडक्रस जिल्ला शाखा रामेछापबाट १०० थान त्रिपाल, ६ रोल डोरी, १ रोल डोरी लगायतको सामग्रीहरु प्राप्त गरि आवश्यकता अनुसार वितरण गरिएको छ ।

३. २०८१ असोज १० देखि १३ गते सम्म परेको अविरल वर्षाबाट क्षति भएको खानेपानी योजनाहरुको संचालन गराई खानेपानी सहजताको लागि देहाय अनुसारको पाईप खरिद गरि राहत स्वरुप वितरण गरिरहेको छ ।

| क्र.स. | HDEP पाईपको मोटाई तथा गुणस्तर | इकाई | लम्बाई |
|---|---|---|---|
| १ | 20 mm / PN-16 | मिटर | ५००० |
| २ | 25 mm / PN-12.5 | मिटर | २५०० |
| ३ | 32 mm / PN-10 | मिटर | २५०० |
| ४ | 40 mm / PN-10 | मिटर | ७०० |
| ५ | 50 mm / PN-10 | मिटर | ६०० |
| ६ | 63 mm / PN-10 | मिटर | ४३० |
| ७ | 110 mm / PN-6 | मिटर | ५८० |

४. २०८१ असोज १० देखि १३ गते सम्म परेको अविरल वर्षाबाट क्षति भएको आवासहरुको तत्थ्यांक संकलन गरि विपद् पोर्टलमा अध्यवधिक गर्ने कार्य सम्पन्न भएको छ ।

५. २०८१ असोज १० देखि १३ गते सम्म परेको अविरल वर्षाबाट क्षति भई अवरुद्ध भएको सडकहरु सरसफाई गरी करीब १३० किलोमिटर सडक सहज आवागमनको लागि तयारी भएको छ।

६. विपद्को वेला खोज तथा उद्धारमा प्रयोग हुने ठेला गाडा, सावेल, डोरी लगायतको सेफ्टी सामग्रीहरु खरिद गरी वडावडामा उपलब्ध गराईएको छ ।

## ९) पूर्वाधार विकास शाखा :

<table>
<tr><th>क्र. सं.</th><th>कामको विवरण</th></tr>
<tr><td>१</td><td>गाउँपालिका बाट ठेक्का हुने, सडक तथा खानेपानी योजनाहरुको विस्तृत सर्भे तथा लागत अनुमान तयार भई ठेक्का लागेका योजनाहरु।<br>१. पूर्णसिङको घरडाँडा देखि सुनापतिसम्म सडक योजना<br>संघिय सरकार बाट हस्तान्तरित र समपुरक अनुदान रु :-२००००००० ।००<br>२. साङजा खोला बाल मा.वि भ्वासा पालीका जाने बाटो स्तरोन्नति सुनापति ५ प्रदेश सरकार बाट हस्तान्तरित र समपुरक अनुदान विनियोन रु:-२००००००० ।००<br>३. सादि डाँडा डोग्मा हुदै गाल्पा सडक स्तरोन्नति सुनापति ३ प्रदेश सरकार बाट हस्तान्तरित र समपुरक अनुदान विनियोन रु:-२००००००० ।००<br>४. कामाखोला चौरीखोला सामुदायिक खानेपानी तथा सरसफाई योजना विनियोन रु:- १०४००००० ।००</td></tr>
<tr><td>२</td><td>अविरल वर्षाको कारण अवरुद्ध सडकहरुको पहिरो हटाउने तथा सडक सरसफाई गर्ने कार्य भएको।</td></tr>
<tr><td>३</td><td>उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको विस्तृत सर्भे भइ समिति गठन तथा लागत अनुमान तयार गर्ने कार्य भईरहेको।
<table>
